# ४ सारा राष्ट्रहरूका स्वामी आमोस

*यस अध्यायको निम्ति पढ्नुहोस्:* आमोस १-२, येशैया ५८, लूका १२:४७,४८, १ राजा ८:३७-४०, आमोस ४:१२,१३, ओबदाया।

*स्मरण गर्नुपर्ने पद:* "८ सिंह गर्जेको छ, को डराउँदैन? परमेश्वर र महाराजा बोल्नुभएको छ, कसले अगमवाणी नबोली छोड्दैन र?"

**_मूल सोच:_ निर्दयी हुनु र अरूप्रति अन्यायअत्याचार गर्नु भनेको परमेश्वरको बिरुद्धमा पाप गर्नु हो। त्यस्ता खालका सबै कामहरूको न्याय परमेश्वरले गर्नुहुनेछ। त्यसकारण अरूप्रति कठोर हुनु कत्तिको गम्भिर रहेछ, त्यस्ता क्रियाकलापहरूबाट सजग हुन अत्यन्त आवश्यक छ।**

**बाइबलमा प्रायजसो सिहँलाई जनावरहरूको राजा भनेर चित्रण गरिएको छ। बलियो, भयङ्कर, क्रोधी, नाश गर्ने र शक्तिशालीको रूपमा मानिसहरूले सिहँको बारेमा सोच्दछन्।** सिहँले शिकार नखेलिरहेको बेलामा पनि उसको आवाज मानिसहरूले सुन्न सक्दछन्। सिहँ गर्जेको सयौं माइल टाढाबाट पनि सुनिन सक्छ। सिहँ गर्जेको सुनेको छु भनेर गोठालो आमोसलाई इस्राएलीहरूको सामु चेतावनी दिन पठाइएको थियो। अनि त्यो सिहँ को हो भन्दा, परमप्रभु तिनीहरूक परमेश्वर रे? पवित्र आत्माद्वारा आमोस संचालित भएको थियो। आमोस परमेश्वरको अगमवक्ता थिए। परमेश्वरको निम्ति उनी बोल्दथे। परमेश्वरले राष्ट्रहरू र उहाँका विशेष जनहरूसँग सम्बोधन गर्ने तरिकालाई आमोसले सिहँसँग तुलना गरेको थियो (आमोस १:२)।

अरू मानिसहरूलाई अन्याय अत्याचार गरेर अपराध गरेका देशहरूको खिलाफमा भविष्यवाणी गर भनेर परमेश्वरले आमोसलाई अऱ्हाउनुभएको थियो। आमोसलाई त्यस्तो समाजमा पठाइएको थियो जहाँ धनी र धार्मिक वा धर्मका पोसाक लगाउनेहरू शान्त र आनन्दसाथ बिताइरहेका थिए। तर ती मानिसहरू गरिबलाई शोषण गर्दथे। तिनीहरू बेइमान र भ्रष्टाचार गरेर धनी भएका थिए। तिनीहरूले अदालतमा घुस दिएर न्याय आफ्नो पक्षमा गराउँदथ्यो। यस्ता कठोर र

निर्दयी आचरणप्रति परमेश्वरको दृष्टिकोण वा निति कस्तो रहेछ भनेर यस अध्यायमा हामी पढ्नेछौं।

## १. मानवताको विरुद्धमा अपराध (आमोस १,२)

मानवताको विरुद्धमा अपराध गर्नेहरूलाई परमेश्वरले कस्तो सजायँ दिनुहुनेछ भनेर आमोस १ र २मा यसरी बताउँछन् :

अध्याय १: १ हे इस्राएलका मानिस हो, परमप्रभुले तिमीहरूका विरुद्धमा भन्नुभएको यो वचन सुन, अर्थात् मिश्रदेशबाट मैले ल्याएका सारा परिवारका विरुद्धमा, २ "पृथ्वीका सबै परिवारहरूमध्ये मैले केवल तिमीहरूलाई मात्र चुनेको छु। यसैकारण तिमीहरूका सबै अधर्मका लागि म तिमीहरूलाई दण्ड दिनेछु।" ३ के दुई जना आपसमा सहमत नभएसम्म सँगसँगै हिंड्छन् र? ४ के शिकार नभए झाड़ीमा सिंह गर्जन्छ र? केही फेला नपारीकन त्यो आफ्नो ओड़ारमा ङ्यार्ङुर्र गर्छ र? ५ के भूइँमा पासो नथापीकनै चरो त्यसमा पर्छ र? के समात्नलाई केही नभएसम्म धराप भूइँबाट माथि उछिट्टिन्छ र? ६ कुनै सहरमा के तुरही फुकेपछि मानिसहरू डराउँदैनन् र? परमप्रभुले नपठाएसम्म के कुनै सहरमा विपत्ति आउँछ र? ७ निश्चय नै परमप्रभु परमेश्वरले आफ्ना दास, अगमवक्ताहरूलाई आफ्नो रहस्य प्रकट नगरीकन केही गर्नुहुन्न। ८ सिंह गर्जेको छ, को डराउँदैन? परमेश्वर बोल्नुभएको छ, कसले अगमवाणी नबोली छोड्दैन र? ९ अश्दोदका किल्लाहरू र मिश्रदेशका किल्लाहरूलाई घोषणा गर: "सामरियाका पहाड़हरूमा तिमीहरू भेला होओ। त्यहाँभित्र भएको ठूलो खैलाबैलालाई र त्यसका मानिसहरूका बीचमा भएको अत्याचारलाई हेर।" १० परमप्रभु भन्नुहुन्छ, "तिनीहरू ठीक काम गर्न जान्दैनन्। तिनीहरू लूट र डकैतीका माल आफ्ना किल्लाहरूभित्र सञ्चय गर्छन्।" ११ यसकारण परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः "एउटा शत्रुले देशलाई चढ़ाइ गर्नेछ, त्यसले तेरा गढ़ीहरूलाई नाश गर्नेछ, र तेरा किल्लाहरू लुट्नेछ।" १२ परमप्रभु यसो भन्नुहुन्छः "जसरी गोठालाले सिंहको मुखबाट खुट्टाका दुई हड्डी अथवा कानको एक टुक्रा मात्र छुटाउँछ, त्यसरी नै सामरियामा पलङ्गको किनारमा र आफ्ना गद्दीका कुनामा बस्ने इस्राएलीहरू छुटाइनेछन्। १३ "यो सुन, र याकूबका घरानाको विरुद्धमा यो गवाही देऊ," सर्वशक्तिमान् परमप्रभु परमेश्वर घोषणा गर्नुहुन्छ। १४ "जुन दिनमा इस्राएललाई त्यसका

पापहरूका लागि दण्ड दिनेछु, म बेथेलका वेदीहरूलाई सर्वनाश गर्नेछु, र
वेदीका सीङहरू च्वाट्टै काटिएर भूइँमा खस्नेछन्। १५ म हिउँदमा बस्ने
निवासस्थान र गर्मीमा बस्ने निवासस्थान दुवै सर्वनाश गर्नेछु, र
हस्तिहाड़ले सिँगारिएका घरहरू नष्ट हुनेछन्, र भवनहरू भत्काइनेछन्,"
परमप्रभु भन्नुहुन्छ।

अध्याय २: १ परमप्रभु यसो भन्नुहुन्छ: "मोआबका तीन पापहरू
अथवा चारै वटा पापहरूका कारण म मेरो क्रोध हटाउनेछैनँ। त्यसले
एदोमको राजाका हड्डीहरू जलाएर चून बनाएको हुनाले २ म मोआबमा
आगो पठाइदिनेछु, र त्यसले किर्योतका किल्लाहरू भस्म पार्नेछ।
मोआबचाहिँ खैलाबैला, ठूलो युद्ध-ध्वनि र तुरहीको सोरमा नष्ट हुनेछ।
३ म त्यसको शासक र त्यसका सबै अधिकारीहरूलाई सर्वनाश गर्नेछु,"
परमप्रभु भन्नुहुन्छ। ४ परमप्रभु यसो भन्नुहुन्छ: "यहूदाका तीन पापहरू
अथवा चारै वटा पापहरूका कारण म मेरो क्रोध हटाउनेछैनँ। तिनीहरूले
परमप्रभुको व्यवस्थालाई अस्वीकार गरेका हुनाले, र उहाँका विधिहरू
पालन नगरेकाले, र तिनीहरूका पिता-पुर्खाहरूले पछ्याएका झूटा
देवताहरूद्वारा तिनीहरू भ्रममा परेका हुनाले, ५ म यहूदामा आगो
पठाइदिनेछु, र त्यसले यरूशलेमका किल्लाहरू भस्म पार्नेछ।" ६
परमप्रभु यसो भन्नुहुन्छ: "इस्राएलका तीन पापहरू अथवा चारै वटा
पापहरूका कारण म मेरो क्रोध हटाउनेछैनँ। तिनीहरूले धर्मात्माहरूलाई
चाँदीमा र दरिद्रहरूलाई एक जोर जुत्तामा बेच्छन्। ७ तिनीहरू
गरीबहरूका टाउकामाथि भूमिको धूलोमा गरेझैं कुल्चन्छन्, र
पीडितहरूको न्यायलाई नामन्जूर गर्दछन्। बाबु र छोरो एउटै तरुणीकहाँ
गएर मेरो पवित्र नाउँ बिटुलो पार्छन्। ८ तिनीहरू हरेक वेदीको छेउमा
बन्धकका लुगाहरूमा सुत्छन्। जरीमाना स्वरूप पाएको दाखमद्य आफ्नो
देवताको मन्दिरमा खान्छन्। ९ "मैले तिनीहरूका सामुबाट एमोरीलाई
सर्वनाश गरिदिएँ, जसको अल्गाइ देवदारुको र बलचाहिँ फलाँटका
रूखको जस्तै थियो। मैले त्यसका माथितिरका फल र त्यसका
तलतिरका जरा नष्ट पारिदिएँ। १० "एमोरीहरूको देश दिनलाई मैले
तिमीहरूलाई मिश्रदेशदेखि निकालेर ल्याएँ, र मरुभूमिमा चालीस वर्ष
डोऱ्याएँ। ११ त्यसबाहेक मैले तिमीहरूका छोराहरूमध्येबाट
अगमवक्ताहरू र तिमीहरूका जवान मानिसहरूबाट नाजिरीहरू खड़ा गरें।
हे इस्राएलका मानिसहरू हो, के यो कुरा सत्य होइन?" परमप्रभु

**भन्नुहुन्छ। १२ "तर तिमीहरूले नाजिरीहरूलाई दाखमद्य पिउन लायौ, र अगमवक्ताहरूलाई 'अगमवाणी नभन÷ भनी आज्ञा दियौ। १३ "हेर त, अब म तिमीहरूलाई अन्न भरिएको गाड़ाले किचेझैं किच्नेछु। १४ वेगसित दगुर्नेले उम्कन पाउनेछैन, र बलियाले आफ्नो बल प्रयोग गर्न सक्नेछैन, न त शक्तिशालीले आफ्नो प्राण बचाउन सक्नेछ। १५ धनु चलाउने खड़ा हुनेछैन, र फूर्तीसित दगुर्नेले आफैलाई बचाउन सक्नेछैन, न त घोड़ामा सवार हुनेले आफ्नो प्राण बचाउन सक्छ। १६ सबैभन्दा साहसी योद्धाहरू पनि त्यस दिन नाङ्गै भाग्नेछन्," परमप्रभु भन्नुहुन्छ।"**

इस्राएलका वरिपरी रहेका राष्ट्रहरूको खिलाफमा सातवटा भविष्यवाणीहरू आमोसले आफ्नो प्रथम दुई अध्यायहरूमा उल्लेख गरेकाछन्। अनि इस्राएलकै बिरुद्धमा पनि भविष्यवाणी गरेका थिए। इस्राएलका शत्रुहरू भनेर त्यस देशका वरिपरि रहेका देशहरूको खिलाफमा परमेश्वरले न्याय गर्नुभएको थिएन। बरू तिनीहरू निर्दयी थिए र तिनीहरू मानवताका नितिहरूलाई वेवस्ता गरेका थिए। ती राष्ट्रका दुई राष्ट्रव्यापी बानीव्यहोराले गर्दा आमोसले तिनीहरूलाई हप्काएका थिएः **तिनीहरू बफादारी थिएन** र तिनीहरूका हृदय कठोर थिए जसले गर्दा तिनीहरूमा करुणा थिएन।

टायर भन्ने शहर इस्राएलको उत्तरमा रहेको मेडिटरेनियन समुद्रको किनारमा थियो। त्यो अत्यन्त नामी व्यापारिक शहर थियो। त्यस शहरलाई बलिया किल्लाहरूले वरिपरि सुरक्षा दिएका थिए। त्यो शहर अत्यन्त सुरक्षित छ भनेर त्यहाँका बासिन्दाहरू गौरव गर्दथे। टायरका अगुवाहरूले आफ्ना छिमेकी राष्ट्रहरूसँग शान्तिसम्झौता गरेका थिए। ती राष्ट्रहरूमा फिलिस्टिन पनि थियो। दाउद र सोलोमनको पालामा (१ राजा ५:१,१२) र राजा अहबको पालामा (१ राजा १६:३०,३१) त्यस शहरले इस्राएलसँग भातृसम्झौता गरेका थियो। टायरको राजा हिरामले सोलोमनलाई "मेरो भाइ" भनेर सम्बोधन गरेको थियो (१ राजा ९:१३)।

तर टायरमा मानिसहरूले कालान्तरमा "भातृसम्झौता" भङ्ग गरेका थिए। तिनीहरूले इस्राएलीहरूमाथि हमला गरेर तिनीहरूलाई युद्धवन्धी बनाएका थिए। टायरको आक्रमणप्रति आलोचना नगरेतापनि त्यस शहरका मानिसहरूले इस्राएलीहरूलाई इस्राएलको शत्रु देश एडोमलाई सुम्पेकोमा परमेश्वर रूष्ट भएर आमोसद्वारा टायरलाई

हप्काउनुभएको थियो। एडोमीहरू क्रुर थिए। तिनीहरूले युद्धवन्धीहरूलाई अत्यन्त निर्मम यातना दिइन्थ्यो। इस्राएलीहरूलाई शत्रुको हातबाट निर्दयी व्यवहार गराउन लगाएर दुःखकष्ट दिनेमा टायर नै जिम्मेवार थियो। अपराधै नगरेतापनि अपराध गर्न सघाउने मानिस पनि परमेश्वरको सामु त्यत्तिकै अपराधी भएको ठहर्छ।

परमेश्वर सर्वज्ञानी र सर्वशक्तिमान हुनुहुन्छ। त्यसले गर्दा सारा संसारको भविष्य उहाँको हातमा छ। स्थानिय रूपमा केवल इस्राएल देशमा मात्र होइन उहाँको चासो सबै देशहरूमा फैलिएको हुन्छ। सबै देशका आआफ्नै लक्ष्य हुन्छन् तर त्यो परमेश्वरकै इच्छा अनुसार भएको हुन्छ। इस्राएलका परमेश्वर सारा राष्ट्रहरूका परमेश्वर हुनुहुन्छ। सबै मानव इतिहासप्रति उहाँको चासो छ। उहाँ सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ। उहाँले नै सबैलाई जीवन दिनुहुन्छ। सबै मानिसहरू उहाँप्रति जवाफदेहि भएका छन्।

**संसारमा भइरहेका अन्याय अत्याचार देख्दा कसलाई रिस उठ्दैन र? यदि परमेश्वर नै छैन भने अत्याचारीलाई कसले न्याय गर्दछ र? परमेश्वरले एक दिन सबैको न्याय गर्नुहुनेछ र सबैलाई न्यायको आसनमा उभ्याउनेछ भनेर बाइबलले बताउँदछ। तपाईंको निम्ति के त्यो अर्थपूर्ण छ त? अन्याय अत्याचारको वरिपरि हामी रहनुपरेतापनि परमेश्वरले गर्नुभएको प्रतिज्ञालाई समाती राख्न हामीले कसरी सिक्ने?**

## २. थिचोमिचोमा परेकाहरूलाई न्याय (यशैया ५८)

आमोसको कितावमा धेरै उपदेशहरू छन्। ती सबै महत्त्वपूर्ण छन्। ती मध्ये परमेश्वरको न्याय मुख्य छ। आफ्नो पुस्तकको सुरूमा इस्राएलका छिमेकी राष्ट्रहरूलाई परमेश्वरले सुनाउनुभएको इन्साफको बारेमा आमोसले उल्लेख गरेका थिए। मानवता बिरुद्धमा अपराध गरेकै कारणले ती मुलुकहरूलाई परमेश्वरले न्याय सुनाउनुभएको थियो।

अब आमोस निडर भएर परमेश्वरले इस्राएलीहरूलाई पनि न्याय गर्नुहुनेछ भनेर घोषणा गर्दछन्। परमेश्वर केवल उहाँमा विश्वास नगर्ने र अत्याचारी अरू मुलुकहरूप्रतिमात्र क्रोधित हुनुभएको छैन, आफूले नै अलग गरेर चुनिएका जातिप्रति पनि क्रोधित हुनुभएको छ भनेर आमोसले आफ्नो पुस्तकमा बताउँदछन्।

यहूदा राष्ट्रका मानिसहरू परमेश्वरको वचनबाट भड्किएर गएका थिए। उहाँको निर्देशनहरूलाई तिनीहरूले लत्याएका थिए। यहूदालाई भन्दा इस्राएललाई आमोसले अझ बढि हप्काउँछन् किनभने तिनीहरूले परमेश्वरसँग गरेको करारलाई भङ्ग गरेका थिए। धेरै पापहरू गरेकोमा तिनीहरू दोषी थिए। धनसम्पत्तीमा इस्राएल सम्पन्न भएको थियो र राजनैतिक रूपमा तिनीहरू भ्रष्ट भएका थिए। त्यसले गर्दा नैतिक र अध्यात्मिक रूपमा तिनीहरू पतन हुँदै गएका थिए। त्यसको फलस्वरूप तिनीहरू सामाजिक रूपमा अन्याय भएको देखाएको थियो। इस्राएलमा धनीवर्गले गरिवको शोषण गरेको थियो। गरिबहरूलाई आफ्नो फायदाको निम्ति धनिहरूले प्रयोग गरेका थिए। बलियाले कमजोरीहरूमाथि फाइदा उठाएका थिए। गरिबहरू दुःखकष्टमा परेतापनि धनीहरूले आफ्नो स्वार्थपूर्तीको निम्ति जे पनि गर्दथे। तिनीहरू केवल आफ्नो हितमात्र खोज्दथे। (हुन त आज पनि जुनसुकै वाद आएतापनि त्यो स्थितिमा खासै परिवर्तन भएको देखिन्दैन, देखिन्छ त?)।

एकले अर्कोप्रति कस्तो व्यवहार गर्छ सो प्रति अत्यन्त चासो राखेर हेरिरहनुहुने जिवीत परमेश्वर हुनुहुन्छ भनेर आमोसले आफ्नो प्रचारमा सिकाएका थिए। न्याय केवल तर्क वा कुरा मात्र होइन। एकले अर्कोलाई गरेको न्यायप्रति परमेश्वर चासो राख्नुहुन्छ। इस्राएलका ठूला ठूला महलहरू, हस्तीहाडका फर्नीचरहरू, अनेक किसिमका खाना र परिकारहरू, पेय पदार्थहरू र शरीरमा लगाउने अत्यन्त दामी मलहमहरू सबै नाश हुनेछन् भनेर अगमवक्ताले चेतावनी दिएका थिए।

**वर्तमान परिप्रेक्ष्यमा पनि सान्दर्भिक भएको यशैया ५८ हेर्नुहोस्। त्यस अध्यायमा भएको विषयवस्तु भन्दा यस संसारलाई दिने वढि सन्देश के हुन् त? हेर्नुहोस्ः १ "चर्को गरी करा, नथाम्। तुरहीको आवाज जस्तै उच्च सोरले करा। मेरो प्रजालाई तिनीहरूको बागीपन र याकूबको घरानालाई तिनीहरूका पाप जनाइदे। २ किनकि तिनीहरूले मलाई दिनहुँ खोज्छन्। जे ठीक छ त्यही गर्ने र आफ्ना परमेश्वरको आज्ञा भङ्ग नगर्ने तर मेरो मार्ग जान्न इच्छा गर्ने जातिजस्तै तिनीहरू देखिन्छन्। तिनीहरू मसँग उचित निर्णयहरू माग्छन्, र परमेश्वर तिनीहरूका नजिकै आऊन् भनी उत्सुक भएका देखिन्छन्। ३ तिनीहरू भन्छन्, 'हामीहरू उपवास**

बस्यौं, र किन तपाईं देख्नुहुन्न? हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न? "तापनि तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई तिमीहरू शोषण गर्दछौ। ४ तिमीहरूका उपवासको दिन लड़ाइँ र झगड़ामा अन्त्य हुन्छ र एउटाले अर्कालाई दुष्ट मुक्काले हिर्काउँछौ। तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको सोर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ। ५ के मैले चुनेको उपवास यस्तै हो? मानिसले आफैलाई एक दिन मात्र विनम्र राख्ने? के निगालोझैं आफ्नो शिर झुकाउने र भाङ्ग्रा र खरानी ओछ्याउने दिन मात्र यो हो? के यसैलाई तिमीहरू उपवास र परमप्रभुको निम्ति ग्रहणयोग्यको दिन भन्छौ? ६ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु— नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, 'म यहीं छु'। "यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औंला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू भनिनेछौ। १३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी

**गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।"**

सुसमाचारलाई विश्वास गरेर त्यस अनुसार जीउनेहरूको आचरणमा सामाजिक न्याय स्वत पैदा हुनुपर्दछ भनेर बाइबलले स्पष्ट रूपमा सिकाउँदछ। जब पवित्र आत्माको सहयोगले हामी येशूजस्तै हुँदै जान्छौं तब हामी परमेश्वरको चाहनाप्रति संवेदनशील हुन्छौं र अरूको हितमा हामी चासो देखाउँछौं। विदेशी, विधुवा र टुहुराहरूलाई न्यायोचित तरिकाले व्यवहार गर्नुपर्छ भनेर मोशाका किताबहरूले सिकाउँदछन् (प्रस्थान २२:२१-२४)। गरिबहरूलाई देखाएको दया र तिनीहरूलाई उचित तरिकाले गरेको व्यवहारप्रति परमेश्वरले चासो देखाउनुहुन्छ भनेर अगमवक्ताहरूले बताउँदछन् (यशैया ५८:६,७)। भजनका लेखकले आफ्नो पवित्र मन्दिरमा विराजमान हुनुहुने परमपिता परमेश्वरको बारेमा यसो भन्दछन्: "बाबुहरू मरेर टुहुरा छोडेर गएका छोराछोरीहरूको निम्ति उहाँ बाबु हुनुहुन्छ। पतीहरू मरेका महिलाहरूलाई उहाँले रेखदेख गर्नुहुन्छ (भजन ६८:५)। समाजबाट पिछडिएका, तिरस्कृत भएका, अछुत र हेपिएकाहरूलाई ख्रीष्टले अत्यन्त सरोकार देखाउनुभएको थियो (मर्कूस ७:२४-३०, यूहन्ना ४:७-२६)। आवश्यक परेकाहरूलाई सहायता गरेर आफ्नो आस्थालाई व्यवहारमा उतार भनेर प्रभुको भाई याकूबले आह्वान गर्दछन् (याकूब २:१४-२६)। त्यसकारण उपरोक्त करुणामयी आचरण नदेखाइकन कोहि पनि येशूको भक्त हुँ भनेर दावी गर्ने मनासिव देखिन्दैन। (अचम्मको कुरो त यो छ, येशूभक्तको चरित्र नै मानिसहरूकै बीचमा बसेर तिनीहरूप्रति सरोकार देखाउनु हो। गुफा वा कुनै जङ्गलमा कुटी बनाएर सामाजिक दायित्वबाट भाग्ने येशूभक्तलाई प्रभुले सराहना गरेको पाइन्दैन)।

## ३. धनी वा सबै कुरामा सम्पन्न हुनुको खतरा (आमोस ३:१,२)

आमोसले गरेका भविष्यवाणी वा परमेश्वरको वचन केवल इस्राएलीहरूलाई मात्र लागु नभइ भविष्यमा रहने हामी जस्तोको लागि पनि समयसापेक्षिक भएर खडाभएको छ। पुरानो करारमा इस्राएलीहरूले परमेश्वरलाई आफ्नो भनेर विशेष दावी गर्दथे। तर यथार्थमा परमेश्वर तिनीहरूको हो भनेर तिनीहरूले मात्र दावी गरेका थिएनन्। सृष्टिकर्ता परमेश्वर भएकोले अरूले पनि उहाँलाई आफ्नो भनेर दावी गरेका थिए।

आमोस ३:१-३ मा यसरी लेखिएको छः "१ हे इस्राएलका मानिस हो, परमप्रभुले तिमीहरूका विरुद्धमा भन्नुभएको यो वचन सुन, अर्थात् मिश्रदेशबाट मैले ल्याएका सारा परिवारका विरुद्धमा, २ "पृथ्वीका सबै परिवारहरूमध्ये मैले केवल तिमीहरूलाई मात्र चुनेको छु। यसैकारण तिमीहरूका सबै अधर्मका लागि म तिमीहरूलाई दण्ड दिनेछु।" ३ के दुई जना आपसमा सहमत नभएसम्म सँगसँगै हिँड्छन् र?" पद २मा उल्लेख गरिएको हिब्रू शव्द यादा (yada)लाई "चुनेको छु" वा "चिनेको छु" भनेर अनुवाद गरिएको छ। त्यसको अर्थ विशेष रूपमा घनिष्ट सम्बन्ध भएको देखाउँदछ। उदाहरणमा यर्मीया १:५मा पनि परमेश्वरले अगमवक्तालाई "चिनेको छु" र जन्मनु भन्दा पहिला नै उसलाई "विशेष कामको निम्ति अलग गराएको छु" भनेर भन्नुभएको थियो। त्यही परमेश्वरको मनको कुरा इस्राएली राष्ट्रलाई पनि लागु भएको थियो। इस्राएल भन्ने देश केवल अरू देशहरूमा एक देश मात्र होइन। तर विशेष लक्ष्यको निम्ति परमेश्वरले इस्राएललाई छुट्ट्याउनुभएको थियो। परमेश्वरसँग विशेष किसिमको घनिष्ट सम्बन्ध राख्न इस्राएल देशलाई उभ्याइएको थियो।

परमेश्वर आफैले इस्राएल देशका मानिसहरूलाई चुन्नुभएको थियो। तिनीहरूलाई दासत्वबाट उहाँले नै छुटकारा दिनुभएको थियो। इस्राएल देशको इतिहासको सुरूको श्रेय नै तिनीहरू इजिप्टबाट भाग्न सफल भएको घट्ना हो। इस्राएलको धार्मिक र राष्ट्रिय इतिहासमा त्यो घट्ना अत्यन्त उल्लेखनीयको रूपमा अझ पनि लिएको पाइन्छ। त्यस घट्नाले परमेश्वरको मुक्तिको योजनालाई कार्यान्वन गर्न ढोका खोलिएको थियो। तर त्यस देशको सफलता र बलले गर्दा त्यस देशका बासिन्दाहरूमा अहँ चढ्न थालेको थियो। त्यसले गर्दा तिनीहरूमा फुस्रो घमण्डको पैदा भयो।

त्यस सन्दर्भमा लूका १२:४७,४८मा येशूले व्यक्त गर्नुभएको भावना अत्यन्त सान्दर्भिक भएको पाइन्छ। त्यसमा एक दिव्य निति सिकाइएको छः त्यो हो जब मानिसहरूले आफ्नो जीवनमा पाएका अधिकारहरूको दुरुपयोग गर्दछन्, तिनीहरूलाई परमेश्वरले सजायँ नदिइकन छोड्नुहुन्न। हेर्नुहोस्: "४७ "आफ्नो मालिकको इच्छा जानेर तयार नरहने र तिनको इच्छाबमोजिम नगर्ने दासले चाहिँ ज्यादै पिटाइ खानेछ। ४८ तर मालिकको इच्छा नजानेर पिटाइ खाने योग्यको काम गर्नेले थोरै पिटाइ खानेछ। प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढ़ी लिइनेछ।"

परमेश्वरको चुनिएको मानिसहरू भएको हैशियतले तिनीहरूको व्यवहारप्रति तिनीहरू जवाफदेही हुनुपर्दछ भनेर पवित्र आत्माको अगुवाईमा अगमवक्ता आमोसले इस्राएलका मानिसहरूले चेतावनी दिएका थिए। परमेश्वरसँगको विशेष सम्बन्धले गर्दा तिनीहरूले विशेष जिम्मेवारी वहन गर्नुपर्दछ भनेर परमेश्वरले इस्राएलीहरूलाई भनिरहनुभएको थियो। तर तिनीहरूले पाएका अख्तियारको दुरुपयोग गरियो भनेर परमेश्वरले तिनीहरूलाई बाँकिराख्नुहुन्न। विशेष सम्मानको उपभोग गर्नलाई मात्र परमेश्वरले इस्राएललाई चुन्नु भएको थिएन। तिनीहरूलाई परमेश्वरले कस्तो गरि आशिष दिनुभयो भनेर संसारलाई साक्षि दिन उहाँले तिनीहरूलाई बोलाइएको थियो।

"धेरै आशिष र विशेष अवसरहरूले सुसम्पन्न गराएर ख्रीष्टका चर्चहरूलाई सम्मान गरिएका छन्। परमेश्वरले उहाँको आत्मज्ञानको ज्योति विस्तारै बढाउँदै हामीलाई दिइरहनुभएको छ। इस्राएलका मानिसहरूले पाएका अवसरहरूभन्दा हामीले पाएका अवसर हरू धेरै महान छन्।"-एलेन जी ह्वाइट, क्राइष्ट अबजेक्ट लेसनस्, पृ. ३१७बाट रूपान्तरित। सेभेन्थ-डे एडभेन्टिस्टले पाएका सबै अवसरहरूप्रति चिन्तन गर्नुहोस्। ती अवसर तथा अधिकारहरूको साथमा जिम्मेवारीपना पनि आउँदछन्। हामीहरूको हृदयमा परमेश्वरले दिनुभएको विशेष जिम्मेवारीप्रति श्रद्धाले काँप्नुहुन्न र? वा के तिनीहरूलाई सामन्य रूपमा हामीले लिइरहेकाछौं कि? हामीलाई परमेश्वरले दिनुभएको आशिषप्रति संवदेनशील हुन छोड्यौं कि? यदि भयौं भने कसरी परिवर्तन गर्ने?

## ४. इस्राएलीहरूले परमेश्वरसँग भेट्ने दिन (आमोस ४:१२)

" हे इस्राएल हो, परमेश्वरलाई भेट्न तयार होऊ" (आमोस ४:१२)

इस्राएलीहरूको पापको भण्डाफोर गर्दै आमोसले अध्याय ४ सुरू गर्दछन्। अनि त्यो दिनको घोषणा गर्दै आमोसले त्यो अध्याय अन्त गर्दछन् जुन दिन इस्राएल परमेश्वरको सामु आफ्नो कामअनुसारको इनाम वा सजायँ पाउन उभिनुपर्ने हुन्छ। कसरी जीउँछन् र अरूप्रति कस्तो व्यवहार गर्दछन् त्यसप्रति जवाफदेही हुनुपर्दछ भनेर परमेश्वरले आफ्ना जनहरूलाई सुनाउनुहुन्छ।

आमोसले प्राकृतिक वा दैविक प्रकोपको सूची तयार पारेका थिए। ती कुनै न कुनै प्रकोपले इस्राएली देश परमेश्वरतिर फर्कन सजग गराउनुपर्दथ्यो। विशेष गरेर सातवटा प्रक्रोपहरूको उल्लेख गरिएका छन्। परमेश्वरसँगको करार भङ्ग गरेकोले नै ती प्रकोपहरू पूरारूपमा सजायँको निम्ति आउन दिएका थिए। (त्यही सन्दर्भमा लेवी २६अध्यायमा उल्लेख गरिएका मोसाका वचनहरू पनि पढ्नुहोस्)। इजिप्तको विरुद्धमा परमेश्वरले पठाउनुभएको प्राकृतिक प्रकोपहरूले सम्झना ती केही प्रक्रोपहरूले गराउँदछन्। परमेश्वरको पहलमा प्रकोपद्वारा नाश गरिएको शहरहरू अन्तिम सोडोम र गोमोराह थिए। ती शहरहरू पूरै ध्वस्त भएका थिए।

**सुलेमान राजाले परमेश्वरको निर्देशन अनुसार उहाँको निम्ति पवित्र मन्दिर बनाएका थिए। त्यो मन्दिरको निर्माण भएपछि सारा जनसमूहको सामु त्यस मन्दिरलाई परमेश्वरमा अर्पण गरेका थिए। त्यस सिलसिलामा उनले लामो प्रार्थना परमेश्वरमा चढाएका थिए। प्राकृतिक प्रकोप र ठूला ठूला सङ्कत वा दुर्दशा आइपर्दा त्यसले हामीलाई कतातिर ध्यान लगाउनुपर्दछ भनेर राजा सोलोमनले गरेको त्यस प्रार्थनाको एक अंश यस प्रकारको छः "३७ "जब देशमा अनिकाल वा विपत्ति आउँछ, अथवा वनस्पति ओइलाउने कि ढुसी पार्ने रोग लाग्छ, कि सलहहरू र फटेङ्ग्राहरू आउँछन्, अथवा शत्रुहरूले तिनीहरूको कुनै सहरमा घेरा हाल्छन्– जुन आपत् वा देशान आए पनि– ३८ अनि जब तपाईंका प्रजा इस्राएलले प्रार्थना वा नम्र-निवेदन चढ़ाउँछन् र हरेकले आफ्नो हृदयको दुःख सम्झेर आफ्नो हात यस मन्दिरतिर उचाल्छ, तब तपाईंको वासस्थान स्वर्गबाट सुन्नुहोस्। क्षमा गर्नुहोस् र काम गर्नुहोस्। ३९ तपाईंले हरेक मानिसको हृदय जान्नुभएको हुनाले त्यसलाई त्यसका कामअनुसारको**

**प्रतिफल दिनुहोस् (किनकि तपाईंले मात्र सबै मानिसहरूको हृदयलाई जान्नुहुन्छ।), ४० ताकि तपाईंले हाम्रा पिता-पुर्खाहरूलाई दिनुभएको देशमा तिनीहरूको सारा समयभरि नै तिनीहरूले तपाईंको डर मानून्।"** (१ राजा ८:३७-४०)।

परमेश्वरलाई पाखा लगाएर चलेको हुनाले इस्राएलका जनताहरू उचित जीवन यापन गर्न छोडेका थिए। तिनीहरूको ध्यान आफूतिर फर्काउन परमेश्वरको निम्ति असम्भव भएको थियो (उहाँको निम्ति कुनै कुरा असम्भव नभएतापनि मानिसहरू स्वचालित मानव यन्त्र वा रोबट जस्तै सृष्टि नगरि आत्मनिर्णयको अधिकार स्वयँ मानिसहरूलाई नै सुम्पिएको हुनाले उहाँले तिनीहरूको हृदय तिनीहरूकै इच्छाबिना परिवर्तन गर्न चाहनुभएको थिएन)। यद्यपि, न्यायी परमेश्वरले अन्याय सहनु उचित नभएकोले उहाँले तिनीहरूलाई न्याय गर्नुभएको थियो। तर तिनीहरूको हृदय झन कठोर बन्दै गए। न्यायी र असल जीवन बिताउन र परमेश्वरतिर फर्कन ती जनताहरू असफल भएको कारणले तिनीहरू पश्चाताप गरोस् भनेर परमेश्वरले आमोसद्वारा अन्तिम अवसर दिनुभएको थियो।

इस्राएलको अन्तिम न्यायको समय आउँदै थियो। तर परमेश्वरले तिनीहरूप्रति गरिने न्याय कस्तो हुनेछ भनेर आमोसले खुलासा गरेको छैन। गोप्य रहेको न्यायको चेतावनी आमोसले उच्चारणले गर्दा त्यो न्याय झन त्रासपूर्ण थियो। इस्राएलीहरू परमेश्वरतिर फर्कन असफल भए, त्यसकारण परमेश्वर आफै भेट्न तिनीहरूकहाँ जानुहुन्छ। तर विभिन्न तरिकाहरूद्वारा परमेश्वरले पठाउनुभएको सजायँले तिनीहरूको आँखा खोलेन भने के परमेश्वरको न्यायको सामना गरि ती मानिसहरूले उद्धार पाउँनेछन् र?

"हे इस्राएलका जनहरू हो, मैले तिमीहरूलाई दण्ड दिनेछु" (न्यु इन्टरनेशनल रिभाइज्द भर्जन) भनेर परमेश्वरले आमोस ४:१२मा सम्बोधन गर्नुहुन्छ। ती शव्दहरू शपथ खाने भाषामा उच्चारण गरेका हुन्। आफ्ना परमेश्वरलाई भेट्न इस्राएलीहरूलाई उहाँले गम्भिर चेतावनी दिनुभएको थियो। मोसाको समयमा सीनैको पहाडमा इस्राएलीहरू परमेश्वरलाई भेट्न कसरी तयार हुनुपर्छ भनेर उहाँले मोशाद्वारा गम्भिर आदेश दिनुभएको थियो (प्रस्थान १९:११,१५)।

आमोस ४:१२,१३ ध्यान दिएर पढ्नुहोस्: १२ “यसकारण हे इस्राएली हो, म तिमीहरूलाई यसो गर्नेछु, म यसो गर्न लागेको कारणले, हे इस्राएली हो, तिमीहरूका परमेश्‍वरसित भेट गर्न तिमीहरू तयार होओ।” १३ जसले पर्वतहरूको आकार बनाउँछ, बतास सृजना गर्छ, मानिसहरूलाई आफ्ना विचार प्रकट गर्छ, प्रभातलाई अँध्यारो पार्छ र पृथ्वीका अल्गा-अल्गा ठाउँहरूमा हिँड्छ— सर्वशक्तिमान् परमप्रभु परमेश्‍वर उहाँको नाउँ नै हो।" यदी ती वचनहरू तपाईंलाई भएको भए तपाईंले त्यसको जवाफ के दिनुहुन्छ? तपाईंको आशा केवल के मा छ? यहि सन्दर्भमा रोमी ३:१९-२८ पनि पढ्नुहोस्।

## ५. अभिमान, जसले पतन गराउन डोऱ्याउँछ (ओबदिया ३)

परमेश्वरको कम नाउँ चलेको अगमवक्ता ओबडियाको पुस्तक पढ्नुहोस्। त्यस पुस्तकमा कस्ता कस्ता महत्त्वपूर्ण आत्मज्ञानहरू हामी सिक्न सक्छौं, त्यसमा ध्यान दिऔं।

पुरानो करारमा ओबदियाको पुस्तक सब भन्दा छोटो छ। एदोम भन्ने राज्यमा परमेश्वरले गर्नुभएको न्यायको बारेमा देखाएको दर्शन त्यस पुस्तकले वर्णन गर्दछ। तिन मूल विषयवस्तुहरूमा त्यस पुस्तक केन्द्रित भएको छः (१) एडोमको अभिमानी र हठी प्रवृत्तिः “१ परमप्रभु परमेश्‍वर एदोमको बारे यसो भन्नुहुन्छ— हामीले परमप्रभुबाट यो सन्देश सुनेका छौंः एउटा राजदूत जाति-जातिका बीचमा यसो भन्न पठाइएको थियो, “उठ् हामी त्यसको विरुद्ध लड़ाइँ गर्न जाऔं”— २ “हेर्, म तँलाई जाति-जातिहरूका बीचमा छुद्र तुल्याउनेछु। तँ अति नै तुच्छ हुनेछस्। ३ तेरो हृदयको घमण्डले तँलाई धोका दिएको छ। तँ चट्टानका ध्वान्द्राहरू र अल्गा-अल्गा ठाउँमा बस्ने, ’मलाई तल जमिनमा खसाल्न कसले सक्छ?÷ भनी तँ आफ्नो मनमा भन्छस्। ४ तर गरुडहरूजस्तै तँ माथि उड़े पनि र ताराहरूका बीचमा तेरो गुँड़ बनाए तापनि त्यहाँबाट म तँलाई तल खसाल्नेछु” परमप्रभु घोषणा गर्नुहुन्छ। ५ “यदि चोरहरू तँकहाँ आए, यदि डाँकूहरू राती आए भने— तेरो कस्तो सर्वनाश हुनेछ— के तिनीहरूले आफूलाई चाहिने जति मात्र लुटेर लैजाँदैनन् र? यदि दाख टिप्नेहरू तँकहाँ आए भने, के तिनीहरूले अलि-अलि दाखहरू फाटफुट छोड्दैनन्?" (पद १-४), (२) एदोमले भोग्नुपर्ने सजायँः “५ “यदि चोरहरू तँकहाँ आए, यदि डाँकूहरू राती

आए भने— तेरो कस्तो सर्वनाश हुनेछ— के तिनीहरूले आफूलाई चाहिने जति मात्र लुटेर लैजाँदैनन् र? यदि दाख टिप्नेहरू तँकहाँ आए भने, के तिनीहरूले अलि-अलि दाखहरू फाटफुट छोड्दैनन्? ६ तर एसावका धन-सम्पत्तिहरू कसरी लुटिनेछन्! त्यसका लुकाइएका धनहरूको कसरी अपहरण गरिनेछ! ७ तेरा सबै मित्रराष्ट्रहरूले तँलाई सिमानासम्म धपाइदिनेछन्। तेरा मित्रहरूले तँलाई धोका दिएर दमन गर्नेछन्। तेरो रोटी खानेहरूले नै तँलाई पासो थाप्नेछन्, तर यस कुराको तँलाई केही पत्तै हुनेछैन।

८ "त्यो दिन के म एदोमका बुद्धिमान् मानिसहरूलाई र एसावका डाँड़ामा भएका समझदार मानिसहरूलाई नष्ट पार्नेछैनँ र?" परमप्रभु भन्नुहुन्छ। ९ "हे तेमान, तेरा योद्धाहरू त्रासमा पर्नेछन्, र एसावका डाँड़ामा भएका हरेक मानिस मारकाटमा परेर मारिनेछ। १० तेरो भाइ याकूबको विरुद्धमा गरेको उपद्रवको कारण तँलाई शर्मले ढाक्नेछ, र तँ सदाको निम्ति नष्ट हुनेछस्।" (५-९), र (३) यहूदा राज्यसँग एदोमको युद्धः "१० तेरो भाइ याकूबको विरुद्धमा गरेको उपद्रवको कारण तँलाई शर्मले ढाक्नेछ, र तँ सदाको निम्ति नष्ट हुनेछस्। ११ जुन दिन तँ टाढ़ै उभिइस्, जुन दिन परदेशीहरूले त्यसका धन-सम्पत्ति खोसेर लगे, र विदेशीहरूले त्यसका ढोकाहरूबाट भित्र पसेर यरूशलेमको निम्ति चिट्ठा हालेथे, तँ तिनीहरूजस्तै थिइस्। १२ तैंले तेरा भाइको दुर्भाग्यको दिनमा उसलाई हेला गर्नु हुँदैनथ्यो, न त यहूदाका सन्तानका सर्वनाशको दिनमा रमाउनु हुन्थ्यो, न त तिनीहरूका सङ्कष्टको दिनमा तैंले घमण्ड गर्नु हुन्थ्यो। १३ मेरो प्रजाका विपत्तिको दिनमा तँ तिनीहरूका ढोकाहरूबाट भित्र पस्नु हुँदैनथ्यो, न त तैंले तिनीहरूका विपत्तिको दिनमा हेला गर्नु हुन्थ्यो, न त तिनीहरूका विपत्तिको दिनमा तिनीहरूको धन-सम्पत्ति खोसेर लानु हुन्थ्यो। १४ त्यसका भागेर गएकाहरूलाई मार्न तँ दोबाटोमा पर्खिरहनु हुँदैनथ्यो, न त त्यसका दुःखको दिनमा त्यसका बाँचेकाहरूलाई तैंले पक्राइदिनु हुन्थ्यो।" (१०-१४)।

एदोमीहरू याकूबका दाजु एसावका सन्तानहरू थिए। याकूबका सन्तान इस्राएली र एदोमीहरूको बीचमा अत्यन्त बैमनश्यता थियो। त्यसको फलस्वरूप तिनीहरूको बीचमा हरदम संग्राम चलिरहन्थ्यो। खास गरेर त्यो बैमनश्यता ती जुम्ल्याहा दाजुभाई एसाव र याकूबको

बीचमा भएको पारिवारिक कलहले गर्दा सुरू भएको थियो। ती दुई दाजुभाई पछि गएर दुई राष्ट्रहरूका पूर्खा भए। ती राष्ट्रहरू इस्राएल र एदोम थिए। तर ती दुई दाजुभाईहरूको बीचमा शान्ति सम्झौता भएको थियो भनेर उत्पत्ति ३३ले बताउँदछ। त्यसकारण एदोमीहरूप्रति बैमनश्यता तथा घृणाको प्रवृत्ति नदेखाउनु भनेर परमेश्वरले इस्राएलीहरूलाई निर्देशन दिनुभएको थियो। व्यवस्था २३:७मा यसरी लेखिएको छः "७ कुनै एदोमीहरूलाई तिमीहरूले तिरस्कार नगर्नू, किनभने उनीहरू तिमीहरूका दाजुभाइ हुन्। कुनै मिश्रीलाई पनि तिमीहरूले तिरस्कार नगर्नू, किनभने उनीहरूको देशमा तिमीहरू प्रवासी थियौ।"

तर ती दुई राष्ट्रहरूको बीचमा सयौं वर्षसम्म युद्ध भइरहेको थियो। जब बेबिलोनका (आधुनिक इराक) सम्रातले यरुशलेममा हमला गरेर त्यस शहरलाई नाश पारि त्यसका नागरिकहरूलाई दास बनाएर लैजान्दा एदोमीहरू अत्यन्त खुशी भएर उत्सव मनाएका थिए। तिनीहरूले त झन युद्धमा भागिरहेका इस्राएलीहरूलाई आक्रमण पनि गरेका थिए। यरूशलेम शहर नाश गर्न ती एदोमीहरूले सहयोग गरेका थिए (भजन १३७:७)। तिनीहरूको चर्तिकलाले गर्दा तिनीहरूले सजायँ पाउनेछ भनेर परमेश्वरले अगमवक्ता ओबदियामार्फत चेतावनी सुनाउनुभएको थियो। "१५ "सबै जाति-जातिहरूका निम्ति परमप्रभुको दिन नजिकै आइपुगेको छ। तैंले जस्तो गरेको छस्, तँलाई पनि त्यस्तै गरिनेछ। तेरा कार्यहरू तेरो आफ्नै थाप्लोमा फर्केर आउनेछन्।" अत्यन्त शङ्कष्ट परेको बेलामा एदोमीहरूले यहूदा अर्थात् इस्राएलीहरूलाई दाजुभाई जस्तो व्यवहार गरेको थिएन। बरू तिनीहरू शत्रु राष्ट्र बेबिलोनसँग मिलेर यरूशलेमसंहार गर्न सरिक भए (बिलाप ४:२१,२२)।

वर्तमान इस्राएलको डेड सी अर्थात् मृत सागरको दक्षिणपूर्वी भागमा एदोम देश छ। त्यस देशमा ठूला ठूला चुचुराहरू भएको पहाडै पहाड छन्। त्यहाँ गहिरो भञ्जाङ्गहरू पनि छन् र साथै सैनिकहरू लुक्न सक्ने गुफाहरू पनि छन्। त्यस ताका धेरै एदोमी शहरहरू त्यस दुर्गम क्षेत्रहरूमा थिए। मानिसहरू हत्तपत्त जान सक्दैनथे। सेला जसलाई पेट्रा पनि भनिन्छ एदोमको राजधानी थियो। आफू सुरक्षित रहेको भनेर एदोमीहरूले फुस्रो घमण्डी गरेको हुनाले तिनीहरूकै

मनोबृत्तिलाई ओबदियाले यसरी कोरेका थिए, “३.... ’मलाई तल जमिनमा खसाल्न कसले सक्छ?"

जिम्मेवार नागरिकहरूले अरूको दुःख कष्ट र आवश्यकता परेको बेलामा फाइदा उठायो भने त्यसको जवाफदेहिता परमेश्वरले खोज्नुहुन्छ। फुस्रो अभिमानले फुलेका एदोमीहरूको घमण्डलाई परमेश्वरले नाश गर्नुहुनेछ भनेर ओबदियाले चेतावनी दिएका थिए। परमेश्वरबाट कोही पनि लुक्न र भाग्न सक्दैन (आमोस ९:२,३)। आउने परमेश्वरको दिनमा दुवै न्याय र मुक्ति ल्याउनेछन्। परमेश्वरको क्रोध एदोमका जनताहरूले खप्नु पर्नेछ भनेर परमेश्वरका जनहरूले पुनउद्धार पाउनेछन्।

## उपसंहार

**थप जानकारीः** आमोस १-४ र ओबदियाका सन्देशहरू स्पष्टरूपमा बुझ्न देहायका उद्धरणहरू पढ्नुहोस्। तिनीहरूको बारेमा सोच्नुहोस्।

“परमेश्वरको लक्ष्य पूरा गर्न उहाँले इस्राएलीहरूलाई चुन्नुभएको थियो र तिनीहरूबाटै इस्राएली आस्था वा धर्म फैलाउने काम हुनुपर्छ भनेर सुरूदेखि नै ती इस्राएलीहरूले विश्वास गरेका थिए। त्यो विश्वास वा आस्था हिब्रू अर्थात् यहूदी धर्मको आधार शिला थियो। तिनीहरूले खतराको सामना गर्नु परे वा शङ्कष्टको घडीमा परे त्यस आस्थाले तिनीहरूलाई सुरक्षित दिन्थ्यो। यद्यपि, आस्थाको त्यस जग कतिपय इस्राएलीहरूको निम्ति तगारो बनिरहेका थिए भनेर महशूस गरेको परमेश्वरको अगववक्ताहरूले बुझेका थिए। त्यही आस्थाले गर्दा आक्रमणमा परेका इस्राएलीहरू भाग्न नसकेको पनि ती अगमवक्ताहरूले विश्वास गरेका थिए। इस्राएलीहरूले जे गरेतापनि तिनीहरू परमेश्वरको मन पर्ने भएकोले तिनीहरू सजायँ पाउनबाट छुट पाउँछ भनेर नसोच्नु भनेर अगमवक्ताहरूले सम्झाएका थिए। बरू तिनीहरूले अझ गम्भिर सजायँ भोग्नु पर्नेछ भनेर अगमवक्ताहरूले खुलासा गरेका थिए.....।

“परमेश्वरले चुन्नुभएको जनहरू भन्दैमा के उहाँले इस्राएलीहरूप्रति बढि सरोकार देखाउनुहुन्छ र? इजिप्ट वा मिश्र देशबाट इस्राएलीहरूलाई छुटकारा दिंदा परमेश्वर के केवल इस्राएलको इतिहाससँगमात्र सँलघ्न हुनुभएको छ त, के अरू देशमा जे सुकै होस्

भनेर उहाँले वेवास्ता गर्नुहुन्छ र? यस्तो धारणा असत्य छ!"-यहूदी विद्वान अब्राहम जे हाश्कल, द प्रोफेटस्, पृ. ३२,३३बाट रूपान्तरित।

"आफ्नो आत्मालाई सुरक्षित राख्ने सुरक्षाहरू तोडियो भने उपासकहरूले पापसँग सामना गर्ने सक्षमता हराउँछ। अनि मानव हृदयको दुष्ट विचार वा चाहनाहरूलाई तिनीहरूले आत्मसमर्पण गर्दछन्।

"अनुचित, अन्याय, अथाह धन सम्पत्ति थुपार्ने प्रवृत्ति, मतवालीपना र अश्‍वस्थ सम्भोग पापको विरूद्धमा अगमवक्ताहरूले आवाज उठाएका थिए। तर पापको खिलाफमा बोल्दा त्यसको नतिजामा तिनीहरूले सफलता हासिल गर्न सकेनन्। आमोसले खुलेयाम इस्राएलीहरूको यसरी भन्डाफोर गरेः '१० न्यायालयमा बसेर हप्काउनेलाई तिमीहरू घृणा गर्छौं, र सत्य बोल्नेलाई पनि तिमीहरू घृणा गर्छौं। ११ तिमीहरू कङ्गालीलाई कुल्चन्छौ, र अन्न दिन तिनीहरूलाई करकाप गर्दछौ। यसैकारण ढुङ्गाका ठूला-ठूला घरहरू तिमीहरूले बनाए तापनि तिमीहरू तिनमा बस्नेछैनौ। तिमीहरूले लहलहाउँदो दाखबारी लगाए तापनि तिमीहरूले तिनका दाखमद्य पिउनेछैनौ। १२ किनकि म जान्दछु, तिमीहरूका दोषहरू कति धेरै छन्, र तिमीहरूका पाप कति ठूला छन्। तिमीहरू धर्मात्माहरूलाई सताउँदछौ र घूस लिन्छौ। न्यायालयमा गरीबहरूलाई न्यायदेखि वञ्चित गर्छौं। १३ यसैकारण बुद्धिमान् मानिस यस्तो समयमा चूप लागिरहन्छ, किनकि समय खराब छ।' (आमोस ५:१०-१३)।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. २८२बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** कसैले तपाईंलाई माया गर्छ वा केही दिन्छ भने त्यस्तोसँग सदव्यवहार गर्नु सजिलो छ। तर आवश्यकता परेकाहरू र दुःख परेकाहरू जसलाई तपाईंले सहायता गर्न सक्नुहुन्छ त्यसको बारेमा तपाईंले के भन्नुहुन्छ त? त्यस्ता दीनदुःखी, शङ्कतमा परिरहेका मानिसहरूप्रति तपाईंको भावना कस्तो हुनुपर्दछ र कसरी देखाउनुपर्दछ? दुःखीहरूप्रति तिनीहरूको भाग्यले नै त्यस्तो छन् भनेर तपाईंले

कठोर दिल देखाउनुहुन्छ कि तिनीहरूप्रति तपाईंको मन पग्लन्छ?

आ. हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई परमेश्वरले दिनुभएको धेरै आशिषको बारेमा सोच्नुहोस्। प्रायजसो कतिपय इसाईहरूलाई सबथको आशिषको बारेमा थाहै छैन। संसारको अन्तिममा हुने विविध घट्नाहरूको बारेमा ज्ञान हुनु कत्तिको जरूरी छ भन्ने कुरालाई त्यस्तो ख्याल गरेको हुँदैन। कतिपयले त मर्नेहरू सिधै स्वर्ग जान्छ वा नरकमा निरन्तर यातना भोग्न जान्छ भनेर सिकाउँदछन्। येशूको यथार्थ आगमनको बारेमा कतिले त विश्वासै गर्दैनन्। उहाँ साँच्चिकै आउनुहुन्छ भनेर विश्वास पनि गर्दैनन्। कतिपय मानिसहरूलाई थाहा नभएको कस्ता कस्ता महान् आत्मज्ञान र शिक्षादिक्षाहरू हामीसँग छन्? ती ज्ञानहरू हामीसँग भएकोले त्यसप्रति हाम्रो जिम्मेवार के छ?